नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
( स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा )

फोन नं. : ०१०-५६०३३३
०१०-५६०२६६
इमेल daonuwakot@moha.gov.np
nuwakotcdo@gmail.com
वेबसाइट:daonuwakot.moha.gov.np
नुवाकोट

पत्र संख्या : ०८२/८३ चलानी नं: 606 मितिः२०८३।०५।२१

**विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री स्थानीय तह,सबै, नुवाकोट।
श्री जिल्ला स्थित सुरक्षा निकाय, सबै ।
श्री जिल्ला स्थित कार्यालय, सबै, नुवाकोट ।
श्री अध्यक्षज्यू, नुवाकोट उद्योग बाणिज्य संघ, विदुर।
श्री सभापतिज्यू, नेपाल रेडक्रस सोसाइटी, नुवाकोट शाखा।
श्री अध्यक्षज्यू, नेपाल पत्रकार महासंघ, जिल्ला शाखा नुवाकोट।
श्री अध्यक्षज्यू, गैरसरकारी संस्था महासंघ, नुवाकोट शाखा।

प्रस्तुत विषयमा जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८३/०५/२० गतेको बैठकबाट पारित निर्णय पाना ४(चार) यसै साथ संलग्न छ। व्यहोरा सोहिबाट अवगत गरी प्रभावकारी कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ ।

.............................
(कृष्ण प्रसाद हुमागाई)
सहायक प्रमुख जिल्ला अधिकारी

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाण्डौं।
श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,
सिंहदरवार, काठमाण्डौं।
श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

**जिल्ला विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, नुवाकोटको मिति २०८३ भाद्र २० मा बसेको बैठकबाट भएका निर्णयहरू:**

१. मिति २०८३ भाद्र १० गते भोटेकोशी-त्रिशुली नदीमा आएको प्रलयकारी बाढीबाट उत्पन्न विपद पश्चात खोज, उद्धार तथा राहत वितरण, होल्डिङ्ग सेन्टर व्यवस्थापन लगायतका विषयमा हालसम्मको अवस्थाको बारेमा सचिवालयको तर्फबाट जानकारी गराइयो र सो विषयमा छलफल गरियो।

२. भोटेकोशी-त्रिशुली बाढीबाट प्रभावित क्षेत्रमा तत्काल नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका सुरक्षाकर्मीहरु तत्काल खोज तथा उद्धारमा खटिएको तथा राहत संकलन तथा वितरणको कार्यमा सम्बन्धित स्थानीय तहसंग समन्वय गरी उक्त स्थानीय तहको सम्बन्धित वडाका प्रतिनिधि मार्फत वडा जनप्रतिनिधिको रोहबरमा होल्डिङ्ग सेन्टर तथा आश्रय लिइरहेका स्थानमा राहत वितरणको कार्य भईरहेको र सो कार्यलाई निरन्तरता दिने।

३. राहत वितरण कार्यलाई अझ व्यवस्थित बनाउनका लागि होल्डिङ सेन्टरमा रहेका व्यक्तिहरुको एकीन विवरण सम्बन्धित स्थानीय तह एवम् वडाले संकलन गर्ने र उनीहरुको स्थायी ठेगाना (स्वदेश र विदेशीसमेत) एकीन गर्ने र संभव भएसम्म सम्बन्धित जिल्लाभित्र, सो जिल्लाभित्रका स्थानीय तह तथा वडा वा अन्य स्थानीय तहमा निजहरुको अस्थायी बसोवासको व्यवस्था तत्काल मिलाउन तयारी गर्ने कार्यमा मान्यता प्राप्त राजनीतिक दलका प्रतिनिधि रहने यस अघिको जिल्ला विपद व्यवस्थापन समितिको बैठकको निर्णय अनुसार गठीत सहजिकरण समितिले सहयोग समन्वय र सहजिकरण गर्ने।

४. विपद पश्चात नेपाल सरकार, बागमती प्रदेश सरकार तथा स्थानीय तह एवम् मातहतका सबै निकाय, गैरसरकारी संघ संस्थाहरु (I/NGOs)स्वतः सक्रिय हुने प्रावधान DPRP मा भए अनुसार सबै निकायहरु एवम् जनप्रतिनिधिहरु तथा व्यक्तिगत रुपमा भैरहेको सहयोग समन्वय र सहजिकरणको कारण प्रलयकारी विपद्को समयमा समेत खोज,उद्धार, राहत वितरण लगायतका कार्य उपलव्ध स्रोत, साधन र संभाव्यताको आधारमा समयमै परिचालन भई सन्तोषजनक रुपमा भएको र यसलाई थप प्रभावकारी बनाउन सबै संयन्त्र अझ निरन्तर लाग्ने निर्णय गरियो।

५. भोटेकोशी त्रिशुली नदीमा आएको बाढीको कारण क्षति पुगेका सडकहरु प्राथमिकताका साथ मर्मतसम्भार गर्ने सन्दर्भमा यस बैठकमा प्राप्त सूझावहरु समेतलाई प्राथमिकता दिई सडक एवम् सडक, पूल आदी संरचनाहरुको सम्बन्धमा पूर्वाधार निर्माण कार्यसँग सम्बन्धित निकाय/आयोजनाः सडक डिभिजन, गल्छी-त्रिशुली-मैलुङ-स्याफ्रुबेशी-रसुवागढी सडक योजना, पुष्पलाल मध्यपहाडी लोकमार्ग आयोजना तथा पूर्वाधार विकास कार्यालय लगायतका निकायहरुले तीव्रताका साथ कार्य गरी नुवाकोटबाट रसुवा जोड्ने सडक तथा अन्य स्थानीय सडक कनेक्टिभिटिको लागि तीव्रताका साथ अगाडि बढाउने कार्यलाई सम्पन्न नभएसम्म निरन्तरता दिने।

६. भोटेकोशी त्रिशुली नदीमा आएको बाढीको कारण बाढी प्रभावित स्थानीय तहहरुले स्थानीय विपद् व्यवस्थापन समिति मार्फत् यथाशिघ्र बस्ती, होल्डिङ सेन्टर, सडक तथा अन्य पूर्वाधार मर्मत, वडा बस्तीको क्षतिको विवरण संकलन लगायतका कार्यमा सम्बन्धित वडा अध्यक्षहरु, स्थानीय कार्यपालिका सदस्य, सम्बन्धित स्थानीय तहका कर्मचारी एवम् नगर प्रहरी लगायतका कर्मचारी

परिचालन गरी राहत वितरण र बाढी प्रभावित व्यक्तिहरुको व्यवस्थापन लगायतका कार्यका लागि समन्वय, सहजिकरणको व्यवस्था गर्ने।

७. बाढी पश्चात घर-परिवारको सम्पर्कमा नरहेका सम्पर्कविहिन/वेपत्ता भएका व्यक्तिहरुको खोज तथा उद्धार र राहत वितरणमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र नेपाली सेनाको टोली तत्काल खटिई जिम्मेवारी बहन गरिरहेको र सो कार्यलाई थप प्रभावकारी बनाउदै निरन्तरता दिने।

८. बाढीबाट प्रभावित क्षेत्रहरूमा महामारी फैलिन नदिन र घाइतेहरूको उपचारका लागि जनस्वास्थ्य कार्यालय प्रमुखको नेतृत्व र निर्देशनमा प्रादेशिक अस्पताल तथा स्थानीय अस्पतालका स्वास्थ्यकर्मीले समन्वय गरी बाढी प्रभावित क्षेत्रमा तत्काल स्वास्थ्यकर्मीको टोली तथा औषधी सहितको मोबाइल स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिने र सो कार्यमा नेपाल रेडक्रस सोसाइटीले आवश्यक समन्वय र सहजीकरण गर्ने।

९. भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च.नं.२४ मिति २०८३/५/१९ को पत्रबाट मनसुन प्रतिकार्य कमान्ड पोस्टको निर्णयानुसार २०८३।५।१० गते रसुवा जिल्लाको भोटेकोशी त्रिशुली नदीमा आएको बाढीबाट प्रभावितलाई उद्धार गरी रसुवा, नुवाकोट र धादिङ जिल्लामा सञ्चालित विभिन्न अस्थायी आश्रयस्थल (Holding Shelter/Camp) मा देश तथा विदेशका विभिन्न स्थानका स्थायी बासिन्दाहरूले आश्रय लिइरहेको, त्यहाँबाट उक्त अस्थायी आश्रयस्थल रहेका स्थानीय तहमा सम्पर्क तथा समन्वय गरी आफ्नो क्षेत्रभित्रका बासिन्दाहरू वा आफ्नो क्षेत्रभित्रका विभिन्न निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरू आश्रयस्थलमा भए नभएको पहिचान गरी निजहरूलाई आ-आफ्नो स्थायी बसोवाससम्म पुऱ्याउने व्यवस्था गर्नुहुन भनी निर्णय भई आए अनुसार सम्बन्धित स्थानीय तहहरुले आवश्यक व्यवस्था मिलाउने।

१०. भोटेकोशी त्रिशुली नदीमा आएको बाढीका कारण विस्थापित भएका व्यक्तिहरुका लागि अस्थायी/स्थायी पुनर्स्थापना गर्ने प्रयोजनका लागि केन्द्रबाट गठित समितिसंग समन्वय गरी सम्बन्धित स्थानीय तहले उपयुक्त जग्गाको पहिचान गर्ने कार्यलाई तीब्रता दिने।

११. रसुवाको लागि आवश्यक राहत सामाग्री पठाउन राहत सामाग्री लिई आउने सवारी साधनहरुलाई सिधै रसुवा तर्फ जाने प्रवन्ध गर्ने र सो राहत सामाग्रीको अभिलेख व्यवस्थापनको आवश्यक प्रवन्ध जिल्ला प्रशासन कार्यालय रसुवाले मिलाउने। त्यस्ता राहत सामाग्री नुवाकोटस्थित राहत संकलन केन्द्रमा अभिलेख राखी सम्बन्धित स्थानीय तहको जनप्रतिनिधिको रोहबरमा बुझाई बाढी प्रभावितलाई वितरणको व्यवस्था सम्बन्धित स्थानीय तहले मिलाउने।

१२. रसुवाको लागि आवश्यक इन्धन ढुवानीको लागि काठमाण्डौबाट नुवाकोटस्थित पिपलटारमा रहेका इन्धन डिलरमा ड्रप गर्ने र पिपलटारबाट रसुवा तर्फ ढुवानी गर्नको लागि डेडिकेटेड रुपमा पूर्वाधार विकास मन्त्रालयले उपलव्ध गराएको चारवटा पिकअप सवारी साधन मार्फत गर्ने प्रवन्ध गर्ने, उक्त पिकअप सवारी साधनको संचालन, व्यवस्थापन एवम् ती सवारी साधनका चालकहरुको लागि इन्धन ढुवानी कार्यमा खटिएको अवधिभरको खाना तथा बास व्यवस्थापनको आवश्यक प्रवन्ध नेपाल प्रहरी र सम्बन्धित रुट पर्ने स्थानीय तहसंगको समन्वयमा जिल्ला समन्वय अधिकारीले संयोजन गर्ने, साथै त्यस्तो इन्धन ढुवानीमा खटिएका डेडिकेटेड सवारीका चालकहरुको खाना र बासको प्रवन्ध स्थानीय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिसँग समन्वय गरी गर्ने।

१३. बाढी प्रभावितहरुको खोज, उद्धार र राहत वितरणको सम्बन्धमा जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको समन्वयमा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकाय एवम् स्थानीय तह र विषयगत निकायहरुले तत्काल गरेका प्रतिकार्य/रेस्पोन्स र सो अनुसारका सम्पादित कार्यहरुलाई अनुमोदन गर्ने।

१४. बाढीमा परी उद्धार गरिएका तर सनाखत भइनसकेका शबहरु चिस्यान बक्स (मर्चरी बक्स) मा सुरक्षित राख्नको लागि प्रयोगमा ल्याएको मेशिनहरु चौविसै घण्टा संचालनको लागि जडान गरिएको जेनेरेटरका सहायक जडान सामाग्री तथा इन्धन, इन्जिन आयल, व्याट्री, मसलन्द, विधुतीय उपकरण तथा संचार उपकरणमा भएको खर्च अनुमोदन गर्ने तथा विपद व्यवस्थापन कार्यमा सचिवालयबाट खर्च गरी आगामी बैठकमा अनुमोदनका लागि पेश गर्ने;-

| क्र.सं. | सामानको विवरण | संख्या | स्पेसिफिकेसन | प्रयोजन |
|---|---|---|---|---|
| १ | **Battery** | **2** वटा | **12V 80AH** | चिस्यान केन्द्र स्थापना र सञ्चालनका लागि |
| २ | **Diesel Engine oil** | **200 liter** | | |
| ३ | **Coolen** | **11 liter** | | |
| ४ | **Diesel** | **1000 liter** | | |

१५. दैनिक उपभोग्य वस्तुबाट बञ्चित रहेका असहाय, अपाङ्ग, असक्तहरुको लागि सम्बन्धित वडाको समन्वयमा तथा प्रत्यक्ष रुपमा जिल्ला समन्वय समितिको सभाहलमा रहेको राहत संकलन तथा वितरण इकाईबाट बुझिलिई जानको लागि जारी सूचना अनुमोदन गर्ने।

१६. विपदको यस घडीमा सम्बन्धित पालिकाहरुले सडक लगायतका संरचनाहरु समयमा नै मर्मत गरी सेवा सूचारु गर्न थप तीब्रता दिने।

१७. बाढीबाट क्षतिग्रस्त भग्नावशेषको उत्खनन तथा खोज र उद्धार कार्यमा प्रचलित कानून मापदण्ड बमोजिम स्वयम सेवकहरु सुरक्षाकर्मीको सुपरभिजनमा रही परिचालन हुन सक्ने र त्यसरी परिचालन हुन चाहने स्वयम सेवकहरुले परिचालन हुने सम्बन्धित वडाबाट अस्थायी पास लिएर मात्र खटिन सक्ने।

१८. भोटेकोशी-त्रिशुली नदीमा आएको प्रलयकारी बाढीबाट गल्छि- त्रिशुली-मैलुङ-स्याफ्रुवेशी-रसुवागढी सडकको विभिन्न खण्ड र पुलहरु समेत बाढीमा बगेको तथा त्रिशुली नदी र देवीघाटस्थित तादी खोला, बेत्रावतिस्थित फलाखु खोलामाथिको पुल समेत त्रिशुली नदीमा आएको बाढीले बगाएको हुँदा त्रिशुली नदी वारी-पारी तथा रसुवा तर्फको सडक सम्पर्क समेत विच्छेद भएको हुँदा रसुवा तर्फको यातायात सुचारु गर्न वैकल्पिक रुटको रुपमा बाहुनबेशी-बोरे भञ्जयाङ्ग सडक मर्मत गर्न सम्बन्धित स्थनीय तहसँग समन्वय गरी सरोकारवाला निकायले तत्काल कार्य अगाडि बढाउने।

१९. विपद पश्चातको प्रतिकार्यमा बाढी प्रभावित स्थानीय तहहरुले स्थानीय विपद व्यवस्थापन समिति मार्फत प्रचलित कानून बमोजिम आ-आफ्नो क्षेत्रभित्रका कामकारवाहीलाई प्रभावकारी रुपमा अगाडि बढाउने।

२०. बाढीबाट क्षतिग्रस्त खानेपानी संरचनाहरु तत्काल पुरानै अवस्थामा संचालनमा ल्याउन समय लाग्ने भएकोले विशेष परिस्थितिमा तत्काल खानपानी आपूर्ती सुचारु गर्न वैकल्पिक प्रवन्धको लागि खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले तत्काल आवश्यक कार्य अगाडि बडाउने।

२१. देहायका स्थानीय तहले निम्न कार्यहरुका लागि आवश्यक रकमको निकासाको लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट निर्णय गरिदिनको लागि अनुरोध भई आएको हुँदा आवश्यक बजेट प्रवन्धको लागि बागमती प्रदेश सरकारको आन्तरिक मामिला तथा कानून मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो:-

| क्र.सं. | स्थानीय तहको नाम | विवरण |
|---|---|---|
| १ | लिखु गा.पा.<br>च.नं. २०८ मिति २०८३/०५/१८ | घर क्षति २, जोखिम घर २०, झौलुङ्गे पुल, खेतियोग्य जमिन कटान, मोटरबाटोहरु क्षति, डुम्रे, डाँडा गाउँ बस्ति जोखिम संरक्षण सम्बन्धमा |

प्रमुख जिल्ला अधिकारी